नेपाली राजदूतावास
EMBASSY OF NEPAL
Bangkok, Thailand

प्रेस विज्ञप्ति

पछिल्लो समयमा नेपालीहरूलाई वैदेशिक रोजगारीमा आकर्षक तलब सुविधा लगायतका विभिन्न प्रलोभन देखाई थाइल्याण्ड, कम्बोडिया, लाओस, भियतनाम लगायतका देशमा पुऱ्याई गैरकानूनी कार्यमा लगाउने क्रम बढ्दो रूपमा देखिएको छ।

यस्ता विभिन्न प्रलोभनमा परी कुनै पनि नेपाली नागरिक उल्लिखित मुलुकमा अलपत्र परेको वा त्यस्ता समूहको बन्धकमा रहेको अवस्था भएमा निजको उद्धारका लागि पीडितको राहदानी, नागरिकता, भिषा लगायतका कागजातका फोटोकपीसहित परिवारजनले आफ्नो वडा कार्यालय मार्फत वा सिधै कन्सुलर सेवा विभाग, त्रिपुरेश्वर काठमाडौंमा सम्पर्क गरी विभागले जानकारी गराए अनुसारको प्रक्रिया पुरा गरी उद्धार कार्यमा सहयोग गरिदिनु हुन नेपाली राजदूतावास बैंकक सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछ। यसरी निवेदन दिंदा पीडित रहेको स्थान, सम्पर्क नं., निजसँग हाल राहदानी भए/नभएको, भिषा वैध भए/नभएको लगायतका विषयहरू स्पष्ट खुलाई निवेदन दिनु पर्नेछ।

नेपाल सरकारले तोकेका मापदण्ड बमोजिम श्रम स्वीकृति लिएर मात्र वैदेशिक रोजगारीमा जान तथा कसैको प्रलोभनमा परी कानुन विपरित छिटो, धेरै पैसा कमाउने हेतु कम्बोडिया, लाओस, थाइल्याण्ड लगायत कुनै पनि मुलुकमा वैदेशिक रोजगारीका लागि नआउन राजदूतावास सम्बन्धित सबैमा पुनः अनुरोध गर्दछ। साथै, आमसञ्चार तथा नागरिक समाजलाई समेत यो सन्देश प्रवाह गरी सहयोग गरिदिन नेपाली राजदूतावास बैंकक हार्दिक अनुरोध गर्दछ।

नेपाली राजदूतावास, बैंकक
२६ फागुन २०८१

नेपाली राजदूतावास
बैंकक

4/1 Soi 27, Pridi Banomyong, Sukhumvit 71 Road, Klong Ton, Watthana, Bangkok 10110
Tel: +66 2 391 7240, 02 390 2280, Fax: +66 2 381 2406
Email: eonbangkok@mofa.gov.np, nepsecbkk@gmail.com,Website: th.nepalembassy.gov.np